# शिक्षाध्यक्षको कार्यालय,

# अनुसन्धान केन्द्र, त्रि. वि., कीर्तिपुरको सूचना

त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान केन्द्र, कीर्तिपुरद्वारा आ.व. २०७६/०७७ को नियमित ५० वटा लघु अनुसन्धान कार्यक्रमका लागि त्रि. वि. शिक्षक/कर्मचारीहरुबाट मिति **२०७६ साल कार्तिक ८ गते दिउँसो ४ वजे** भित्र यस केन्द्रमा आइपुग्ने गरी प्रस्ताव आव्हान गरिएको व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

| | | |
|---|---|---|
| **१.** | **अनुसन्धान प्रस्ताव** | **थान २** |
| **२.** | **बायोडाटा** | **थान १** |
| **३.** | **सम्बन्धित क्याम्पसको पत्र** | **थान १** |

**४. यी सवै सामग्री राखी नेपाली फाइलमा राखि दिन हुन ।**

कार्यकारी निर्देशक

अनुसन्धान केन्द्र

# लघु अनुसन्धान प्रस्ताव दर्ताका लागि आवश्यक

# कागजातहरुको विवरण

(क) दुइ प्रति प्रस्ताव

(ख) एक प्रति व्यक्तिगत विवरण

(ग) क्याम्पस प्रमुख/कार्यालय प्रमुखको सिफारिस पत्र

सिफारिस पत्रमा निम्न कुराहरु अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ ।

१. प्रस्तावकले आ. व. २०७६/०७७ मा विश्वविद्यालय अनुदान आयोग, त्रि. वि. डीनको कार्यालयहरु तथा अन्य निकायको आर्थिक सहयोगमा सन्चालित कुनै अनुसन्धान कार्यमा संलग्न नभएको ।

२. प्रस्ताव आह्वान गरेको मिति देखि अध्ययन विदा, स्वअध्ययन विदा तथा वेतलवी विदा उपभोग नगरेको ।

३. प्रस्तावकले विद्यावारिधि (Ph.D) उपाधि प्राप्त नगरेको ।

(घ) त्रि. वि. को सावधिक पदमा पूरा समय काम गर्ने गरी नियुक्त नभएको ।

(विस्तृत जानकारीका लागि लघु अनुसन्धान सम्बन्धी निर्धारित मापदण्ड २०६७ हेर्नु होला ।)

अ. के.

# लघु अनुसन्धान सम्बन्धि निर्धारित मापदण्ड

## २०६७

**आवेदकहरुको लागि आवश्यक पर्ने योग्यता**

१ लघु अनुसन्धान प्रस्तावका लागि आवेदन दिने व्यक्ति त्रि. वि. को करार, अस्थायी र स्थायी शिक्षक वा कर्मचारी हुनु पर्ने र दुवै आवेदकको हकमा कम्तिमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तिर्ण भएको हुन पर्ने ।

२. आवेदक त्रि. वि. को स्थायी शिक्षक/कर्मचारी हुने भएकोले यस किसिमको कार्यक्रममा आवेदकको हकमा समावेश वा आरक्षणको कुनै किसिमको व्यवस्था लागु गर्न नहुने ।

३. लघु अनुसन्धान प्रस्तावको लागि सूचना प्रकाशित भएपछि अन्तिम छनौट नहुन्जेल त्रि. वि. वाट अध्ययन वा वेतलवी विदा लिएको हुन नहुने ।

४. त्रिभुवन विश्वविद्यालयको कुनैपनि पदाधिकारी अथवा अन्य सावधिक पदमा पुरा समय काम गर्ने गरी नियुक्त नभएको हुनुपर्ने ।

**मूल्याङ्कनका आधार (Evaluation Criteria )**

१. आवेदित प्रस्तावहरुको छनौटको आधार खुल्ला प्रतिस्पर्धा र वस्तुगत मूल्याँकन हुनेछ । वस्तुगत मूल्याङ्कन तोकिएको मूलयाङ्कन आधारमा आधारित भई सम्बन्धित विज्ञहरुले सम्पन्न गरेको मूल्याङ्कनमा आधारित हुनेछ ।

२. प्रस्तावको छनौटमा बहुमूल्याङ्कन विधि अपनाइने छ । त्यसका लागि देहाय अनुसारको प्रकृया लागु  गरिने छ :–

(क) आवेदकले पेश गरेको प्राप्त प्रस्तावहरुको मूल्याङ्कन दूई छुट्टा छुट्टै व्यक्तिहरुबाट गराउनु पर्ने । मूल्याङ्नकर्ता त्रि. वि. वा त्रि. वि. बाहिरका विद्यावारिधि प्राप्त गरेको र अनुसन्धानको क्षेत्रमा राम्रो ज्ञान भएका योग्य व्यक्ति हुनु पर्ने छ । त्यस्तो मूल्याङ्कन कर्ताहरुको छनौट अनुसन्धान केन्द्र प्रमुखवाट हुने छ ।

(ख) मूल्याङ्कनकर्ताहरुवाट अलग अलगरुपमा मूल्याङ्कन भई प्राप्त भएका प्राप्ताङ्क वीच दुवै मूल्याङ्कनकर्ताहरुवाट ५० प्रतिशत अंक प्राप्त गरेको तर मूल्याङ्कनको अंक २० प्रतिशत सम्मको अन्तर रहेको हकमा त्यस्ता प्रस्तावहरु मूल्याङ्कनको लागि तेस्रो मूल्याङ्कनकर्ता कहाँ पठाइने छ ।

३. त्यसरी तेश्रो मूल्याङ्कन कर्तावाट प्राप्त भएको अंक माथि १ (ख) मा उल्लेख भए अनुसार २० भन्दा वढी देखिन गएमा मूल्याङ्कनको आधारमा सो प्रस्तावलाई प्रतिस्पर्धाको लागि छनौट गरिनु पर्ने ।

४. प्रतिस्पर्धाको लागि योग्य हुने कुनै पनि प्रस्तावमा मूल्याङ्कन कर्तावाट पूर्णाङ्कको ५० प्रतिशत अंक प्राप्त अनिवार्य रुपमा प्राप्त गरेको हुनपर्ने । ५० प्रतिशत भन्दा कम अंक गर्नेलाई प्रतिस्पर्धामा समावेश गर्न नहुने ।

५. प्रस्ताव मूल्याङ्कन प्रयोजनका निमित्त नियुक्त मूल्याङ्कन कर्ताहरुको लागि अनुसूची (क) मा उल्लेख गरिएको बमोजिमको फारम प्रयोग गर्नुपर्ने छ :–

६. (क) प्रस्ताव स्वीकृतिको लागि दुई चरणको मूल्याङ्कनलाई आधार मानिनेछ । प्रथम चरणमा प्रारम्भिक प्रकृया जसमा कम्तिमा दुईजना मूल्याङ्कन कर्ताहरुवाट प्रस्ताव मूल्याङ्कन हुने छ । दोश्रो चरणको प्रकृया अनुसार स्वीकृत प्रस्ताव पेश गर्ने व्यक्तिले स्वयम् उपस्थित भई विज्ञहरु समक्ष अन्तिम अनुसन्धान प्रतिवेदन प्रस्तुतिकरण गर्नुपर्ने छ । यसरी दुवै चरणको प्रकृया पुरा भएपछि मात्र लघु अनुसनधानले पूर्णता पाएको ठानिने छ ।

(ख) अन्तिम अनुसन्धान प्रतिवेदन मूल्याङ्कन गर्न विज्ञ सहित एउटा समिति रहने छ ।

७. यस प्रयोजनको निमित प्रथम चरणको ८० प्रतिशत प्रस्ताव मूल्याङ्कनको र २० प्रतिशत प्रस्तुतिकरणको लागि तोकिनु पर्ने छ । प्रस्तुतिको प्रकृयामा समेत आवेदकले न्यूनतम पूर्णाङ्कको ५० प्रतिशत प्राप्त गरेको हुनु पर्नेछ ।

८. प्रारम्भिक छनौट प्रकृयामा प्राप्त लघु अनुसन्धान प्रस्तावको मूल्याङ्कनको कार्यसम्पादन गरिने छ । प्रारम्भिक मूल्याङ्कनबाट योग्य ठहरिएका आवेदकहरुको मात्र योग्यता सूची प्रकाशित गरी उनीहरुलाई मात्र दोश्रो चरणको प्रकृयामा समावेश गराउन सूची प्रकाशित गरिने छ ।

९. अनुसन्धान केन्द्रबाट गराइने लघु अनुसन्धान मुलभूतरुपमा अध्ययन अध्यापन विधिमा सघाउ पुऱ्याउने प्रकृतिको हुनुपर्ने । यस प्रकारका अनुसन्धान प्राज्ञिक, नविन क्षेत्रहरुको उजागर गर्ने, प्राज्ञिक कार्यक्रमहरुको स्तरवृद्धि गर्ने, प्राज्ञिक कार्यक्रमहरुको प्रकृयागत कुराहरुलाई सुदृढ गराउने साथै प्राज्ञिक मूल्य र मान्यतालाई उच्च कायम राख्ने दिशा तर्फ केन्द्रीत हुनपर्ने छ ।

१०. लघु अनुसन्धानकर्ताले अन्तरवार्ताको ७ दिन अगाडि अन्तिम अनुसन्धान प्रतिवेदन यस केन्द्रमा पेश गर्नु पर्ने छ ।

११. त्रि. वि. अनुसन्धान केन्द्रले निर्धारण गरेको कुनै पनि आधारलाई अनुसन्धानकर्ताहरुवाट पालना भएको नपाइएमा त्यस्ता अनुसन्धानकर्ताहरुलाई कुनै पनि समय वर्खास्त गर्न सकिन्छ । त्यसरी रद्द भएको अवस्थामा किस्ता वन्दीको रुपमा अनुसन्धानकर्ताहरुलाई भुक्तानी गरेको रकम बाँकी वक्यौताका रुपमा सम्बन्धित प्रकृया अपनाई असुल उपर गर्नु पर्ने छ ।

१२. लघु अनुसन्धान प्रस्ताव स्वीकृति पश्चात अनुसन्धानकर्ताले पाउने पारिश्रमिक देहाय अनुसार ३ किस्तावन्दीमा भुक्तानी गरिने छ :

- पहिलो किस्ता कुल तोकिएको रकममा १० प्रतिशत
- दोश्रो किस्ता कुल तोकिएको रकममा ३५ प्रतिशत
- तेश्रो तथा अन्तिम किस्ता कुल तोकिएको रकमको ५५ प्रतिशत

१३. स्वीकृत भएको मितिले अनुसन्धान कार्यको समय अवधि ५ महिनाको हुनेछ ।